# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत




"छतीसको आँकडा" बिहीबार रिलिज गरिँदै (पृष्ठ ३ मा)


❖ वर्ष ६ ❖ अंक १० ❖ २०८३ असोज १४ गते बुधबार ❖ Wednesday, 30 Sept, 2026 ❖ मूल्य रु. १० ।- ❖ पृष्ठ ६ ❖ (Website : www .newsprabah .com)


### नारायणी नदीको नयाँ रेकर्ड, फर्कियो लयमा

# नदी तटीय बस्ती डुबानमा, दस जनाको उद्धार

**- बबिलाल तामाङ**

भरतपुर। लगातारको वर्षाले उर्लिएको नारायणी नदीको जलसतह क्रमशः घट्दै गएको पाइएको छ।



आइतबार इतिहासकै उच्च बिन्दुमा पुगेको नारायणी क्रमशः पुरानै लयमा फर्किन थालेको हो।

जल मापन केन्द्र देवघाटका अनुसार आइतबार नारायणी नदीको जलसतह ११ दशमलव ९४ मिटर पुगेको थियो। जल मापन केन्द्र स्थापना भएयता मापन गरिएको यो सबैभन्दा उच्च जलसतह हो। सोमबार बेलुकी ६:०० बजेसम्म गरिएको मापनमा नारायणीको जलसतह घटेर ६ दशमलव ८७ मिटरमा झरेको छ। उच्च बिन्दुबाट नदीको जलसतह ५ दशमलव ७ मिटर घटेको हो।

यसअघि २०८१ असोज १२ गते नारायणीको जलसतह ११ दशमलव ६ मिटर पुगेको थियो। त्यस्तै, सोही वर्ष असार २२ गते १० दशमलव ४६ मिटर मापन गरिएको थियो। यसपटक ती दुवै रेकर्डलाई उछिन्दै नारायणीको जलसतह नयाँ उचाइमा पुगेको हो।

नारायणीमा नौ मिटरभन्दा माथिको जलसतहलाई खतराको अवस्था मानिन्छ भने सात मिटर ३० सेन्टिमिटर पार गरेपछि सतर्कताको अवस्था मानिने गरिएको छ। वर्षा कम हुँदै गएसँगै नदीको बहाव पनि घट्दै गएको छ।

**नदी तटीय बस्ती डुबानमा**

गत शनिबार रातिदेखि परेको अविरल वर्षापछि नारायणी नदीको जलसतह आइतबार दिउँसो ११.९४ मिटर पुगेपछि तटीय क्षेत्रका बस्तीहरू डुबानमा परेका छन्। चेतावनी तह ७.३० मिटर र खतराको तह ९ मिटर मानिने नारायणी आइतबार दिनभर खतराभन्दा निकै माथि रह्यो।

अविरल वर्षाका कारण नारायणी नदीको बहाव बढ्दा चितवनमा डुबानमा परेका तीन घरको छतमा बसेका १० जनाको सुरक्षाकर्मीले सकुशल उद्धार गरेको छ। आइतबार बिहान करिब १०:३० बजे भरतपुर महानगरपालिका-१६ झनझनेस्थित गुम्बाचोकमा नारायणी नदीको बहाव बढेर तीनवटा घर डुबानमा परेका थिए।

डुबानमा परेका घरको छतमा बसेका १० जनालाई सशस्त्र प्रहरी बल नेपाल नं-१७ गणबाट खटिएको सुरक्षाकर्मीको टोलीले उद्धार गरेको हो। सशस्त्र प्रहरीले रबरबोटको

(बाँकी ५ पेजमा)

# 'प्रभावकारी स्वास्थ्यसेवा उपलब्ध गराउँछौं'

भरतपुर। बागमती प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङले भोटेकोशी बाढीबाट प्रभावित नुवाकोट, धादिङ र रसुवाका नागरिकलाई प्रभावकारी स्वास्थ्यसेवा उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन्।



मन्त्री तामाङले बाढीपछि प्रभावित क्षेत्रमा तत्काल उद्धार, प्राथमिक उपचार, तथा 'होल्डिङ सेन्टर'को व्यवस्थापनदेखि स्वास्थ्य सेवा विस्तारका काममा प्रदेश सरकार लागिपरेको बताएका हुन्।

भोटेकोशीमा बाढी आएलगत्तै प्रदेशका मुख्यमन्त्री, आफू र अर्थमन्त्रीसहितको टोली प्रभावित क्षेत्रमा पुगेर संघ तथा स्थानीय सरकारसँग समन्वय गरी काम गरिरहेको उनले सुनाए। 'त्यतिबेला हाम्रो प्राथमिकता उद्धार र प्राथमिक उपचार थियो। त्यसपछि जटिल उपचार आवश्यक पर्ने बिरामीलाई रिफर गर्ने र उपचारपछि स्वास्थ्य अवस्था राम्रो भएकालाई होल्डिङ सेन्टरमा राख्ने काम गर्‍यौं', उनले भने।

बाढीबाट विद्यालय, स्वास्थ्य चौकीलगायतका भौतिक संरचनामा ठूलो क्षति पुगेको तथा नुवाकोट, धादिङ र रसुवाका विभिन्न स्थानमा सम्पर्क विच्छेद भएकाले त्यसलाई पूर्ववत् अवस्थामा फर्काउन प्रदेश सरकार केन्द्रित भएको मन्त्री तामाङको भनाइ छ।

उनका अनुसार त्रिशूलीमा रहेका दुईवटा जनस्वास्थ्य तथा जिल्ला अस्पताल, आयुर्वेद अस्पताल तथा बेत्रावती, स्याफ्रुबेंसी र धादिङका स्वास्थ्य कार्यालयमार्फत सेवा दिइँदै आएको छ। स्वास्थ्य

(बाँकी ५ पेजमा)

# कारागारका ६९ कैदीबन्दीमा जटिल रोग

भरतपुर। भरतपुर कारागारमा रहेका ७६१ बन्दीमध्ये ६९ जना




विभिन्न दीर्घ तथा जटिल रोगबाट पीडित छन्। कारागार कार्यालयका अनुसार ६९ जना उच्च रक्तचाप, मधुमेह, क्षयरोग, मानसिक रोग, क्यान्सर, एचआइभी-एड्स लगायतका रोगबाट पीडित बिरामी रहेका छन्।

कारागारमा क्यान्सरका कारण बर्सेनि बन्दीको मृत्यु हुने गरेको छ। भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा उपचारका लागि विभिन्न कारागारबाट क्यान्सरका बिरामी बन्दीलाई रिफर गरिने भएकाले अन्तिम चरणका बिरामीको मृत्यु हुने गरेको कार्यालयले जनाएको छ।

कारागार कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८३/०८४ मा क्यान्सरका कारण एक जना बन्दीको मृत्यु भएको कारागार कार्यालयका सूचना अधिकारी चेतनाथ ढुङ्गानाले जानकारी दिए।

(बाँकी ५ पेजमा)

# सिद्धी विनायकले मनायो १९औं वार्षिकोत्सव

**सहकारीलाई पारदर्शी र सदस्य केन्द्रित बनाउनु पर्नेमा जोड**

भरतपुर। सिद्धी विनायक बचत



तथा ऋण सहकारी संस्था लिमिटेडले १९औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ।

संस्थाका अध्यक्ष थिरप्रसाद धितालको सभापतित्व तथा जिल्ला सहकारी संघ लिमिटेड, चितवनका अध्यक्ष शरदकुमार बर्तौलाको प्रमुख आतिथ्यतामा रहेको थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि बर्तौलाले सहकारीलाई थप व्यवस्थित, पारदर्शी र सदस्यकेन्द्रित बनाउँदै लैजानुपर्नेमा जोड दिएका थिए।

सहकारी संस्थाहरूले पारदर्शी रूपमा सदस्यको हितलाई केन्द्रमा राखेर काम गर्नुपर्ने उनको भनाइ थियो। उनले सिद्धी विनायक

(बाँकी ५ पेजमा)


## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक सहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं,

**विपद्को समयमा एक-आपसमा अनोबल बढाऔं,**
**मानसिक स्वास्थ्य जोगाऔं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



"तपाईहरुको सन्तुष्टि नै हाम्रो सफलता हो"

## तामाङ छिटोछरितो निर्माण सेवा प्रा. लि.

Tamang Chitocharito Nirman Sewa Pvt. Ltd.

मुख्य कार्यालय : राप्ती-७, हर्दि, चितवन / शाखा कार्यालय : हेटौंडा-९, मकवानपुर

कुनै पनि किसिमको घर तथा ब्यबसायिक संरचना निर्माण गर्नु परेमा घर धनि र कम्पनि बीच भएको सम्झौता बमोजिम आबश्यक सामान सहित बिना झन्झट घर धनीलाई चाबी हस्तान्तरण स्किम अन्तर्गत निर्माण सम्पन्न गरेर दिन्छौं।

मुख्य कार्यालय मो. : ९८६५०४२९५६, ९८४५९२७८८१
शाखा कार्यालय मो. : ९८४३९१४०३१
तामाङ छिटोछरितो निर्माण सेवा प्राली
TikTok

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४९२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# क्यान्सर रोगबारे सचेत बनौं

नेपालमा क्यान्सर अस्पताल स्थापना भएको दिनलाई राष्ट्रिय क्यान्सर सतर्कता दिवस मनाइँदै आएको छ। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको २७औं वार्षिकोत्सव एवम् राष्ट्रिय क्यान्सर सतर्कता दिवसका अवसरमा सार्वजनिक तथ्याङ्कअनुसार अस्पतालको बहिरङ्ग विभागमा गत वर्ष दुई लाख १२ हजार ९७७ जना बिरामीले सेवा लिएको देखिन्छ। जुन अघिल्लो वर्षभन्दा ८ हजार २६ ले बढी हो। क्यान्सर रोगको रोकथाम र नियन्त्रणका प्रयास भइरहे पनि वर्षैपिच्छे क्यान्सर रोगी बढ्दै गइरहेका छन्। क्यान्सर रोग विशेषज्ञहरूले नेपालमा बर्सेनि एकलाखको हाराहारीमा क्यान्सरका नयाँ बिरामी थपिने गरेको अनुमान गरेका छन्। जसमध्ये ८० प्रतिशत बिरामी अन्तिम अवस्थामा मात्र अस्पताल आउने गरेका छन्। नेपालमा क्यान्सर रोग तीव्ररूपमा बढिरहेको छ। चितवनको क्यान्सर अस्पतालमा मात्रै गत वर्ष क्यान्सर पहिचान भएका २७ हजार २४३ जना नयाँ बिरामीले उपचार गराएका छन्। अघिल्लो वर्ष ३१ हजार ५६० जनाले उपचार गराएका थिए। वार्षिकरूपमा क्यान्सर रोगका नयाँ बिरामी आउनेक्रम बढिरहेको यही तथ्याङ्कले प्रमाणित गर्छ।

विश्वमै ठूलो जनस्वास्थ्य समस्या रहिआएको क्यान्सर नेपालमा पनि विकराल बन्दै गइरहेको छ। नेपालमा फोक्सो, आन्द्रा, पेट, स्तन, पाठेघरको मुख र डिम्बासयको क्यान्सरका बिरामी धेरै हुने गरेका छन्। क्यान्सरबाट महिलामा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, डिम्बासयको क्यान्सर बढी देखिने गरेको छ। पुरुषमा फोक्सो, पेट, श्वासनली, मूत्राशय, नाक, कान, घाँटीलगायतका अङ्गहरूमा क्यान्सर देखिने गरेको छ। क्यान्सर रोग विशेषज्ञहरूका अनुसार रासायनिक मल, कीटनाशक विषादीको प्रयोग, मिसावट भएका खाना, सूर्तीजन्य पदार्थ र प्रदूषणका कारण क्यान्सर रोग बढ्ने गरेको छ। नेपालमा सुर्तीजन्य पदार्थ सेवनकै कारण बर्सेनि २६ हजारको हाराहारीमा अर्थात दैनिक ७१ जनाले ज्यान गुमाइरहेका छन्। पछिल्लो समय क्यान्सरबाट हुने मृत्युदर एचआइभी/एड्स, मलेरिया र क्षयरोगबाट हुने मृत्युदरभन्दा बढी छ। क्यान्सरबाट हुने मृत्युको दुई तिहाइ हिस्सा अविकसित मुलुकहरूले ओगटेका छन्। अव्यवस्थित खानपान, जीवनशैली, सुर्तीजन्य पदार्थको सेवन, वातावरणीय प्रदूषणका कारण क्यान्सर रोग लाग्ने बताइन्छ। बर्सेनि यो रोगबाट विश्वमा ७६ लाख मानिसको मृत्यु हुने गरेको छ।

क्यान्सरलाई पूर्णतः नियन्त्रण गर्न सकिँदैन, तर उचित खानपिन, आनीबानीमा परिवर्तन गर्न सकिए ४० प्रतिशत क्यान्सर रोगी घटाउन सकिने विज्ञहरूको सुझाव छ। समयमै रोग पहिचान हुन नसक्दा क्यान्सर रोगबाट धेरैले ज्यान गुमाउने गरेका छन्। समाजमा समयमै रोग निदान गरी उपचार गर्नेभन्दा जटिल अवस्थामा पुगेपछिमात्रै अस्पताल आउने कारण क्यान्सरबाट हुने मृत्युदर बढ्ने गरेको छ। अन्य क्यान्सरको तुलनामा फोक्सोको क्यान्सर भएका बिरामी बढी देखिनु धूमपान तथा सुर्ती सेवनकै कारण मान्न सकिन्छ। क्यान्सर रोगको उपचारमा नयाँ प्रविधि भित्रिनुमात्रै ठूलो उपलब्धि होइन। क्यान्सर लागेपछि उपचार गराउनुभन्दा रोग लाग्नै नदिनुचाहिँ ठूलो कुरा हो। क्यान्सर रोग भयावह बन्दै गइरहेको सन्दर्भमा यस रोगबारे जनसाधारणमा सतर्कता फैलाउँदै सबैको सार्थक प्रयासबाट क्यान्सर रोग न्यूनीकरण गर्नु जरुरी देखिएको छ।

# पाँच हजार डलर ! के साच्चै जनताले पाउलान् त ?






- रामचन्द्र भट्ट

## विचार

चुनाव आउन अमेरिकामा अब ४४ दिन मात्र बाँकी छ। बहालवाला राष्ट्रपतिको कार्यकालको मध्यमा हुने यो निर्वाचन अहिले एउटा कारणले चर्चामा छ। त्यो हो– वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पले देखाएको ५ हजार डलरको आशा।

अघिल्लो साता टेक्ससको ड्यालसमा भएको रिपब्लिकन पार्टीको सम्मेलनमा राष्ट्रपति ट्रम्पले एउटा कार्ड फ्याँके। उनले आउँदो नोभेम्बरमा हुने मध्यावधि चुनावमा रिपब्लिकन पार्टीलाई जिताएमा हरेक अमेरिकी वयस्कलाई ५ हजार डलर दिने आश्वासन दिए। ट्रम्पले अझै प्रस्टसँग भने– जनताले तल्लो सदन (प्रतिनिधि सभा) र माथिल्लो सदन (सिनेट) मा रिपब्लिकन पार्टीलाई बहुमत दिलाएमा हरेक वयस्क अमेरिकीलाई पाँच हजार डलर दिइनेछ।

नोभेम्बर ३ तारिखमा हुने निर्वाचनमा तल्लो सदनको सबै ४३५ र माथिल्लो सदनको ३५ सिटका लागि चुनाव हुँदैछ। तल्लो सदन र माथिल्लो सदन दुवैमा अहिले राष्ट्रपतिको पार्टी झिनो बहुमतमा छ। रिपब्लिकनसँग तल्लो सदनमा २१९ सांसद मात्र छन्, जुन बहुमतका लागि पर्याप्त हुने संख्या मात्र हो। डेमोक्रेटिक पार्टीबाट भने २१४ जना सांसद छन् तल्लो सदनमा।

त्यस्तै माथिल्लो सदन सिनेटका एक सय सिटमध्ये अहिले रिपब्लिकनको ५३ जना छन् भने डेमोक्रेटिक पार्टीका ४७ जना छन्। तल्लो सदनभन्दा माथिल्लो सदनमा रिपब्लिकन अलिकति सुविधाजनक बहुमतको अवस्थामा छन्। दुवैतिर बराबर मत भएको अवस्थामा उपराष्ट्रपतिले मत दिन पाउने प्रावधानका कारणले पनि रिपब्लिकन पार्टी सिनेटमा सुविधाजनक अवस्थामा छ।

ट्रम्पले ५ हजार डलरको ललीपप देखाएका छन्। यदि ट्रम्पको बितेको दुई वर्षको कार्यकालमा उत्कृष्ट कार्य गरेको भए यसरी मतदातालाई लोभ देखाउनुपर्ने थिएन भन्ने तर्क पनि उठिरहेको छ। राष्ट्रपतिको चुनावी समयमा ट्रम्पले जे-जे वाचा गरेका थिए, तीमध्ये अधिकांश मुख्य वाचाहरू पुरा भएका छैनन्। सिमानामा कडाइ गर्नु र वैध तथा अवैध आप्रवासीलाई अमेरिका प्रवेशमा कडाइ गर्नुबाहेक उनले त्यतिखेर गरेका कुनै वाचा र प्रतिबद्धता पूरा भएका छैनन्।

ट्रम्पले चुनावमा गरेको ३८ वटा मुख्य वाचाहरू मध्य अधिकांश अलपत्र छन्। कानुनभन्दा बाहिर रहेका ती वाचाहरूमध्य कतिलाइ त अदालतले समेत रोक लगाएका छन्। ३८ मध्य १६ वटा वाचाहरू, जुन अध्यागमनसँग संवन्धित थिए ती मात्र पुरा भएका छन्।

ट्रम्पले आफू राष्ट्रपति भएर आएको २४ घण्टामा रुस-युक्रेन युद्ध रोकिने बताएका थिए। तर यसबीचमा युद्ध रोकिने कुनै संकेत छैन, बरू वार्ताका लागि अलिकति वातावरण बनाउन सहयोग गर्ने चरम दक्षिणपन्थी पत्रकार टूकर कार्लसनसँग ट्रम्पको सम्बन्ध बिग्रिएको देखिन्छ। बरु अमेरिका उल्टै इजरायलको साथ लागेर इरान युद्धमा नराम्रोसँग फस्न पुगेको छ। शुक्रबार मात्र रक्षा मन्त्रालयले कंग्रेसमा बुझाएको प्रतिवेदन अनुसार इरानसँगको युद्धमा ४३ अर्ब डलर खर्च भएको एसोसियटेड प्रेस लगायतका समाचार एजेन्जीहरूले जनाएका छन्। ऋणको दलदलमा भासिएको अमेरिकामा यो रकम निकै ठूलो हो।

इरान युद्धका कारण अमेरिकामा पेट्रोलियम पदार्थको मूल्य आकाशिएको छ। डिजेलको मूल्य अहिलेसम्मकै उच्च भएर अधिकांश राज्यहरूमा प्रति ग्यालेन ६ डलर नाघेको छ। ग्यासको मूल्य पनि रुस-युक्रेन युद्ध सुरुवातताकाकै सरह पुगेको छ।

उस्तै त ट्यारिफ (भन्सार शुल्क) का कारण आयातित सामानहरू महँगो भएर मुद्रास्फीति उच्च दरमा पुगेको छ। अगस्टमा मात्र मुद्रास्फीति दर ३.४ प्रतिशत रह्यो। यो भनेको दैनिक उपभोग्य वस्तुको मूल्य झन्डै साढे तीन प्रतिशतले बढ्नु हो।

ट्रम्प सत्तामा आएपछि क्यानडा, मेक्सिको, युरोप जस्ता मित्र राष्ट्रहरू अमेरिकी नयाँ नीतिका कारण बिच्किएका छन्। ट्रम्पले क्यानडालाई ५१ औं प्रान्त भनेपछि त्यहाँको सरकार मात्र होइन जनस्तरमा पनि सम्बन्ध बिग्रन पुग्यो। परिणाम स्वरूप ट्रम्पकै जस्तो नीति लिएर चुनावमा होमिएका त्यहाँका नेता पियरे पोइलिभ्रेको क्यानडा कन्जरभेटिभ पार्टीले चुनाव हार्यो। कमजोर अवस्थामा पुगिसकेको लिबरलपार्टीले बहुमत पाउन नसकेपनि बढी सिट सहित चुनाव जित्यो।

हिजोका दिनमा अमेरिकालाई पछ्याएर त्यसै अनुसार नीति लिने यी देशहरू अहिले अमेरिकासँग सम्बन्ध तोडेर चीनसँग नजिकिने अवस्थामा पुगेका छन्।

चुनावी क्रममा ट्रम्पले भनेका भन्दा उल्टपाल्ट कार्यहरू भइरहेका छन्। यसले गर्दा अमेरिकीहरू जो युद्धदेखि आजित भएर ट्रम्पलाई भोट दिएका थिए, जो बाइडेन प्रशासनले महँगी नियन्त्रण गर्न सकेन भनेर भोट दिएका थिए, ती अधिकांश बिच्किएका छन्। रिपब्लिकन पार्टीभित्र जबर्दस्त पकड जमाउन ट्रम्प सफल भए पनि स्वतन्त्र मतदाता र हिजो रिपब्लिकनप्रति नरम व्यक्तिहरूको ट्रम्प र रिपब्लिकन पार्टीप्रतिको विश्वास गुम्दै गएको छ। हप्तैपिच्छे निस्कने विभिन्न सर्वेक्षणहरूले वर्तमान प्रशासनको कार्यकालप्रति जनताहरू असन्तुष्ट भएको देखाएको छ। जसका कारण मतदातालाई प्रभावित पार्न ५ हजार डलरको कार्ड फ्याँकिएको धेरैको बुझाइ छ।

सरकारले अमेरिकी जनताको पक्षमा राम्रो काम गरेको भए यस्तो लोभ, लालच देखाउनै पर्दैनथ्यो; यो मतदाताको विवेक किन्ने प्रयास हो भनेर डेमोक्रेटिक पार्टीका नेताहरूले आवाज उठाइसकेका छन्। रिपब्लिकन पार्टीभित्र पनि झिनो रूपमा यो उठिरहेको छ। तर ट्रम्पको शक्तिको अघिल्तिर ती सब लाचार भएकाले सार्वजनिक रूपमा बोल्न सकिरहेका छैनन्।

रिपब्लिकन पार्टी निकट फक्स न्युजले गरेको एक सर्वेक्षण अनुसार ग्रोसरीको मूल्य वृद्धिलाई ६२ प्रतिशत जनताले मुख्य समस्या दर्शाएका छन्। त्यस्तै ग्यासको मूल्य वृद्धिलाई ६१ प्रतिशत, घर र अपार्टमेन्टको मूल्य वृद्धिलाई ५४ प्रतिशत, स्वास्थ्य सेवामा भएको मूल्य वृद्धिलाई ५२ प्रतिशतले आफ्नो र परिवारको मुख्य समस्या दर्शाएका छन्।

ट्रम्पले जनतालाई यसअघि नै पटक-पटक कहिले के नाममा त कहिले कुन शीर्षकमा जनतालाई स्टिमुलस चेक दिने भनिसकेका थिए। तर ती दुई वर्षको अवधिमा कुनै पनि उनका आश्वासन कार्यान्वयनमा आएनन्।

ट्रम्पले कार्यकाल सम्हाल्ने बित्तिकै एलन मस्कलाई डिपार्टमेन्ट अफ गभर्नमेन्ट एफिसिएन्सी (म्इन्भ) को जिम्मा दिएका थिए। त्यस क्रममा मस्कले २४ हजार सरकारी कर्मचारीहरूलाई बेइज्जतपूर्ण ढङ्गले अवकाश दिएका थिए। त्यसबाट ठूलो सरकारी बजेट जोगिएको भन्दै जनतालाई ५ हजार डलर दिइने भनियो।

पछि विभिन्न देशहरूबाट आयात हुने सामानमा लगाइएको करबाट व्यापक रूपमा भन्सार राजस्व उठेको भन्दै जनतालाई जनही २ हजार डिभिडेन्ट अर्थात् बोनस दिइने भनियो। त्यो पनि जनताले अहिलेसम्म पाएका छैनन्।

पछि अफोर्डेबल केयर एक्ट अन्तर्गत हरेकलाई एक हजार डलरको हेल्थ सेभिङ एकाउन्टमा दिइने भनिएको थियो। त्यो पनि कुरैमा सीमित भयो।

कुरैकुरामा सीमित आश्वासनको अर्को शृ‌ंखलाको अहिले अर्को चरण ५ हजार डलरको डिभिडेन्टको उधारो वचन जनताले पाएका छन्। यो चाहिँ अलि कडा शर्तसहितको छ– दुवै सदनमा रिपब्लिकनलाई जनताले जिताइदिनुपर्ने।

यदि वर्तमान अमेरिकी प्रशासनलाई जनतालाई रकम दिन मन लागेको खण्डमा अहिले जत्तिको अनुकूलता कहिल्यै छैन। विभिन्न सर्वेक्षण अनि रिपब्लिकनहरूले नै चुनावमा पार्टीले दुवै सदनमा बहुमत गुमाउने बताइरहेको समयमा अहिले जति अनुकूल न हिजो थियो, न भोलि हुनेछ। माथि नै चर्चा गरिसकियो कि दुवै सदनमा राष्ट्रपतिको पार्टी सुविधाजनक बहुमतमा छ। अनि राष्ट्रपतिले जे भन्यो त्यही गर्ने आज्ञापालक सभामुख छन्। दुवै सदनका मेजोरिटी दलका नेताहरू पनि ट्रम्पले जे भन्यो त्यसैलाई हुबहु पालना गर्नेहरू छन्। सिनेटमा मेजोरिटी लिडर जोन थुन हुन् भने तल्लो सदनमा त स्टिभ क्यालाइज मेजोरिटी लिडर छन्। दुबैले ट्रम्प प्रशासनबाट संसदमा पेश हुने जुनसुकै विधेयक पास गराउन अवरोध गरेको र असयोग गरेको कुनै रेकर्ड छैन।

तर मुख्य कुरा के हो भने अमेरिकी सरकार अहिले यति ठूलो रकम पब्लिकलाइ नगद बाँड्न सक्ने हैसियतमै छैन। ऋणको अंक बढेर अहिले ४० ट्रिलियन डलर पुगेको छ। यो भनेको ४० हजार अर्ब डलर हो। यदी वयष्क अमेरिकी नागरिकलाइ जनही ५ हजार डलर दिने हो भने ऋणको मात्रा १ दशमलव २ ट्रिलियन डलर अर्थात एकहजार दुइसय अर्ब डलर ऋणको थप दायित्व बढ्नेछ। के यो संभव हुने कुरा हो त ?

इतिहासका विभिन्न कालखण्डमा अमेरिकाले जनतालाइ नगद सहायता गरेको थियो। सन् १९७५ मा तत्कालिन राष्ट्रपति गेराल्ड फोर्डको कार्यकालमा जनही ५० डलर स्टिमुलस चेक जनतालाइ दिइएको थियो। त्यसपछि २००१ मा जर्ज बुसको अवधिमा तीनसयदेखि ६ सयसम्म दिइएको थियो। सन् २००८ को वित्तिय संकटको समयमा तत्कालिन राष्ट्रपति जर्ज डब्लु बुसले व्यक्तिगत रूपमा ६ सय र संयुक्त ट्याक्स फाइल गर्नेलाइ एकहजार दुइसयको स्टिमुलस चेक वितरण गरेका थिए।

सन् २०२० र २०२१ मा कोभीडका समयमा तत्कालिन सरकारले कंग्रेसबाट स्विकृती लिएर स्टिमुलस चेक वितरण गरेका थिए। कंग्रेस अर्थात संसदको स्विकृती बेगर राष्ट्रपति, क्याबिनेटले मात्र सरकारी कोषमा व्ययभार पर्ने एक पेनी पनि वितरण गर्न सक्दैन।

नेपाली जनबोलीमा एउटा भनाइ छ– "नदिने बराजु बुधबार बार्ने, पोइल जाने बराजु नक्कल पार्ने।" हो, अहिले राष्ट्रपति ट्रम्पद्वारा चुनावमा बहुमत देउ अनि मात्र ५ हजारको चेक दिउँला भन्नु ठ्याक्कै त्यस्तै हो। दिन मन भए अहिले नै दिए भयो नि। किन बहुमत दिनुपर्ने शर्त तेर्स्याउनुपर्ने? जबकि भन्सार अर्थात् ट्यारिफ बढेपछि त्यसको भार जनता अर्थात् उपभोक्ताले महँगो मूल्यमा सामान किन्नुपरेको थियो। तर सर्वोच्चले संसद्को स्वीकृति बिना लगाइएको ट्यारिफ अवैध भएको फैसला गर्दै त्यो फिर्ता गर्न आदेश दिएको थियो।

तर ट्यारिफको अन्तिम भार तिनै जनतालाई नदिएर त्यो रकम आयातकर्तालाई सरकारले फिर्ता गरिरहेको छ। जबकि बढेको ट्यारिफ भन्सार बिन्दुमा आयातकर्ताले तिरे पनि आयातकर्ताले थोक विक्रेतालाई, थोक विक्रेताले खुद्रा विक्रेतालाई र खुद्रा विक्रेताले उपभोक्तासँग त्यो शुल्क लगाएका हुन्छन्। त्यसो हुँदा सर्वोच्चको फैसला अनुसार जो उपभोक्ताले महँगोमा सामान किनेका थिए उनीहरूलाई फिर्ता गर्नुपर्नेमा ठूला कम्पनीलाई पोस्ने काम सरकारले गरेको छ।

सर्वोच्चको आदेश अनुसार ट्यारिफ फिर्ता पाएर पोसिने कम्पनीमा ठूला कम्पनीले भाग पाएका छन्। एप्पलले ट्यारिफ फिर्ता बापत २ अर्ब २० करोड, वालमार्टले २ अर्ब ४० करोड, अमेजनले ६० करोड, नाइकीले एक अर्ब, स्टेलान्टिसले ४६ करोड र जोन डियरले २७ करोड फिर्ता दावी गरेका छन्।

वर्तमान अमेरिकी सरकारले उच्च वर्गलाई मात्र फाइदा हुने गरी कार्य गरिरहेको देखिन्छ। मध्यम वर्ग समेत वर्तमान सरकारको प्राथमिकतामा नपरेको अवस्थामा निम्न मध्यम र निम्न वर्ग त सबैभन्दा पेलिएका छन्। यिनै वर्गलाई ललीपप देखाइएको ५ हजारको लोभ रिपब्लिकनलाई भोट हालेका मतदाताले समेत पत्याएका छैनन् भने अरूको त के कुरा !

# दुई नेवार बालिकालाई संरक्षण गर्ने श्रेष्ठको घोषणा

भरतपुर । एस. एण्ड पी. कम्पनीको कार्यालयका सञ्चालक सूर्यप्रसाद श्रेष्ठले नेवार जातिका दुई टुहुरा बालिकाको लागि संरक्षणसहित पालनपोषण र शिक्षा-दीक्षा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको महाप्रलयकारी बाढीका कारण आमाबाबु गुमाएका नेवार जातिका टुहुरा दुई बालिकालाई संरक्षणसहित अध्ययन अध्यापनका लागि सम्पूर्ण खर्च बेहोर्ने उनले घोषणा गरेका हुन् । बाढीप्रभावितका लागि आर्थिक सहयोगभन्दा पनि दुई बालिकाको भविष्य उज्ज्वल पार्न आफूले सो निर्णय गरेको उनले बताए ।

भोटेकोशी बाढीका कारण सयौं घरपरिवार विस्थापित हुनुका साथै थुप्रै बालबालिकाले अभिभावक गुमाउनुपरेको पीडा आफूले सञ्चारमाध्यममार्फत् जानकारी पाएको भन्दै उनले नेवार समुदायका दुई टुहुरा बालिकालाई पूर्ण अभिभावकत्वसहित संरक्षण र स्नातकोत्तरसम्मको अध्ययनका लागि सम्पूर्ण खर्च बेहोर्ने जनाएका हुन् ।

दुई बालिकालाई संरक्षणसहित शिक्षादीक्षा प्रदान गर्ने विषयमा चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालसँग समन्वय गरिदिन प्रस्ताव लगेको सुनाउँदै उनले भने, 'मेरो यो निर्णयले कम्तीमा दुई बालिकाको भविष्य उज्ज्वल हुनुका साथै उनीहरुको लागि एउटा आशा र भरोसा मिल्नेछ ।'

आफूले संरक्षणसहित उच्चशिक्षा दिलाउने भएकाले नेवार समुदायभित्रका बालिकाहरुलाई प्राथमिकतामा राखेको उनले सुनाए । उनले भने, 'आफ्नै जातिको भएपछि धेरै कुरामा सहजता हुने भएकाले नेवार समुदाय नै रोजेको हुँ ।' आफूले पालन-पोषणसहित सबै खर्चपर्च बेहोर्ने र उच्चशिक्षापश्चात् रोजगारीको लागि पनि आफ्नै कम्पनी भएकाले अन्यत्र सोच्नु नपर्ने उनको भनाइ छ ।

श्रेष्ठ व्यवसायीसँगै सामाजिक र राजनीतिक क्षेत्रमा उत्तिकै सक्रिय छन् । उनले विभिन्न शैक्षिक संस्थाहरुमा सहयोग, विद्यार्थीहरुलाई छात्रवृत्ति र सामाजिक कार्यमा निरन्तर सहयोग गर्दै आएका छन् । उनी नेपाल लोकतन्त्रवादी जनजाति आदिवासी महासंघका केन्द्रीय सदस्य हुन् । विसं २०६२-०६३ का शहीद परिवार तथा जनआन्दोलन घाइते समिति चितवनका अध्यक्षसमेत रहेका श्रेष्ठ विभिन्न प्रजातान्त्रिक आन्दोलनमा सक्रिय रहँदै आएका थिए ।


## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरु**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं ।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


## स्वास्थ्य/खेलकुद



# लौका खानुका यस्ता छन् फाइदै-फाइदा

लौकालाई शायद नचिन्ने को होला ? गर्मी महिनामा पाइने सिजनल तरकारी लौकाका फाइदाहरुबारे हामी शायद अनभिज्ञ नै छौं । लौकामा अत्यधिक मात्रामा पानी पाइन्छ । यसमा ८५ प्रतिशत त पानी नै हुन्छ । यसमा हुने पोटासियमले हाम्रो प्रेसर कम राख्न र



हाम्रो शरीरमा हुने इलेक्ट्रोलाइटलाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

लौकामा भिटामिन सी, भिटामिन बी, भिटामिन के, भिटामिन ए, भिटामिन ई, फलाम, फोलेट र म्यानग्यानीज जस्ता खनिज पदार्थहरु पनि पाइन्छन् । खासमा लौका भिटामीन सीको एउटा मुख्य स्रोत नै हो । २५० ग्राम लौकाबाट २०,२५ मिलिग्राम जति भिटामीन सी प्राप्त गर्न सकिन्छ ।

लौकाको सेवनले रगतमा कोलेस्ट्रोलको मात्रालाई ठीक गर्छ र मस्तिष्कको कार्य सञ्चालनमा पनि सहयोग गर्दछ । यति मात्र होइन, भिटामीन सी र यसमा पाइने जिंकले चाउरीपना र बुढ्यौलीपनाबाट पनि जोगाउँछ र यही जिंकले नशा बलियो बनाउने र रुघाखोकीबाट सुरक्षा दिन्छ । यसमा पाइने भिटामिन बी ले कपाल फुल्न दिँदैन ।

पचाउन एकदम नै सजिलो हुने भएकाले, गर्मी महिनाको लागि यो अत्यन्तै उपयुक्त खानेकुरा हो । लौकामा हुने फाइबरले पाचन प्रक्रिया सजिलो बनाउने भएकाले कब्जियत, पाइल्स्, पेट ढुस्स हुने, वाकवाकी लाग्ने, आदि जस्ता समस्याहरुबाट मुक्ति दिन्छ । लौकामा हुने पानी र फाइबरले आन्द्रा सफा राख्न र पाचनमा सजिलो बनाउन सहयोग गर्छ ।

लौकाको जुस बनाएर पनि सेवन गर्न सकिन्छ । लौकाको जुस बनाउन सजिलो भएकाले यसको अत्यधिक सेवनका लागि जुस बनाएर सेवन गर्न सकिन्छ । मधुमेहका बिरामीहरुको चिनीको मात्रा र ब्लड प्रेसर सन्तुलनमा राख्न पनि लौकाको जुसको प्रयोग गर्न सकिन्छ । पिसाब नलीमा संक्रमण भएका, युरिक एसिड भएकाहरुका लागि यो झनै फाइदाजनक छ ।

आजकाल लौकाबारे गलत कुराहरु पनि सुन्नमा आएको छ । लौकाको नियमित सेवन गर्नाले व्लड प्रेशर कम हुन्छ खानुहुदैन । तर यो गलत हो किनभने यस्मा खराब तत्व मात्र होइन शरीरलाई चाहिने आवश्यक भिटामिन हुनाले बढी भएको ब्लड प्रेशर कम गराउछ भने कम भएकालाई लेवलमा ल्याउने काम पनि गर्दछ ।

जुस बनाउनका लागि लौका ताछ्नुहोस्, टुक्राटुक्रा बनाएर काट्नुहोस् र ब्लेण्डरमा ब्लेण्ड गर्नुहोस् । यसमा मरिच, नुन र पुदिनाको पात मिसाउनुहोस् । एक चम्चा अदुवाको रस र कागती निचोरे र थोरै रस हालेर जुस पिउनुहोस् यसवाट फाइदै फाइदा लिन सक्नुहुनेछ । हप्तामा कम्तीमा ३ पटक लौका खाने गरौं भन्ने मेरो राय छ ।


"तपाईंको सेवामा, आजै कल गर्नुहोस्"





❖ चितवन तथा तराईको उच्च गुणस्तरको ईंट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा ।
❖ गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था ।
❖ चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा ।

सम्पर्क : ९८२७२०१७१४

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan

Remember for :
Visiting card | Wedding card | Number Plate
Color Print | Nylon Stamp | Bill/Receipt
Computer Design | Flex/Photo Print | All kinds of Printing Job

# क्यान्सर अस्पतालद्वारा एक वर्षमा दुई लाख १३ हजारलाई सेवा

भरतपुर । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले गत वर्ष बहिरङ्ग (ओपिडी) सेवामार्फत दुई लाख १२ हजार ९७७ जनालाई सेवा प्रवाह गरेको छ। सो अस्पतालको वार्षिकोत्सव एवम् राष्ट्रिय क्यान्सर सतर्कता दिवसको अवसरमा सो तथ्याङ्क सार्वजनिक गरेको हो।




कुल बिरामीमध्ये २७ हजार २४३ जना नयाँ बिरामी रहेका छन् भने बाँकी पुराना बिरामी पुनः परीक्षणका लागि आएका थिए। अस्पतालका डा. सुशील अधिकारीका अनुसारसन्२०२५ मा आएका बिरामीमध्ये ६ हजार ८५८ जना नयाँ क्यान्सरका बिरामी पहिचान भएका छन्।

यसअघि सन् २०२४ मा दुई लाख चार हजार ९७१ जना बिरामीले बहिरङ्ग सेवा लिएकोमा ३१ हजार ५६० नयाँ बिरामी रहेका थिए। सो वर्ष सात हजार नौ जना नयाँ क्यान्सरका बिरामी फेला परेका थिए। सन् २०२५ मा अस्पतालको आकस्मिक विभागबाट २६ हजार १२६ जनाले सेवा प्राप्त गरेका छन् भने ११ हजार ५५९ जना बिरामी भर्ना भएर अन्तरङ्गमा उपचार गराएका छन्। सोही अवधिमा अस्पतालमा तीन हजार ९१ वटा ठूला शल्यक्रिया भएका छन्।

सन् २०२४ मा आकस्मिक कक्षबाट ३० हजार ८०१ जनाले सेवा लिएको र १२ हजार ४७ जना भर्ना भई उपचार गराएको तथ्याङ्क छ। सो वर्ष तीन हजार १६९ वटा ठूला शल्यक्रिया गरिनुका साथै २७ हजार ४९३ जनाले डे केयर सेवा लिएका थिए। सन् २०२५ मा विकिरण प्रविधिमार्फत उपचार गराउनेहरूको संख्या दुई हजार ९७० पुगेको छ भने डे केयरमा भर्ना भई केमोथेरापी लिने बिरामीको संख्या २६ हजार ४७२ रहेको छ।

एक वर्षको अवधिमा ११ हजारभन्दा बढी विपन्न बिरामीले निःशुल्क उपचार सुविधा प्राप्त गरेका छन्। अस्पतालले सन् २०२५ मा १० हजार ९२० जना विपन्न नागरिकको निःशुल्क उपचार गरेको छ। अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उमेश नेपालका अनुसार विपन्न बिरामीहरूको उपचारबापत ४३ करोड १२ लाख १४ हजार १६१ रुपैयाँ १६ पैसा छूट प्रदान गरिएको छ।

यसैगरी क्यान्सर सेवा समाजमार्फत १७६ जना बिरामीलाई १५ लाख ७३ हजार १४५ रुपैयाँ छूट दिइएको छ। तुलनात्मक रूपमा सन् २०२४ मा नौ हजार ११२ जना विपन्न बिरामीले ३५ करोड ५८ लाख २२ हजार २०६ रुपैयाँ ९५ पैसा छूट पाएका थिए भने समाजमार्फत २१५ जनाले १३ लाख ९० हजार ३६४ रुपैयाँ छूट पाएका थिए।

पाँच सय शय्या क्षमताको यस अस्पतालले आइसियू, एचडियू र क्याबिनबाहेकका सम्पूर्ण जनरल बेडहरू निःशुल्क उपलब्ध गराउँदै आएको डां नेपालले बताए। अस्पतालमा भर्ना भई उपचाररत बिरामीहरूलाई दुई छाक खाना र एक छाक नास्ता पूर्णरूपमा निःशुल्क उपलब्ध गराउने गरिएको छ।

उपचार, अनुसन्धान र रोग निवारण तथा रोकथामको उद्देश्यसहित विसं २०५३ मा ऐनमार्फत सरकारको स्वायत्त संस्थाका रूपमा स्थापित यो अस्पताल सुरूमा एक सय शय्याको रहे पनि अहिले ५०० शय्यामा विस्तार भएको छ। चीन सरकारद्वारा निर्माण गरिएको यस अस्पतालमा नेपालभरबाट मात्र नभई भारतबाट समेत बिरामीहरू उपचारका लागि आउने गरेका छन्।

हाल अस्पतालमा एक सय जना चिकित्सक र २९५ जना नर्ससहित कुल ७१८ जना कर्मचारी कार्यरत छन्।


फोन : ९८४६४७५३४१
९८४६८५२९१५

**गोरखा फेन्सी**

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ ।



**धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गरौं ।**

● इच्छाकामना मन्दिर । ● लामो झरना । ● उपरदाङगढी । ● बालगौरी पाथिभरा । ● सिराईचुली ● गौरीखोला झरना । ● गुप्तेश्वर महादेव मन्दिर । ● पाथिभरा मंगलागौरी मन्दिर । ● चेपाङ गाउँ लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनका लागि सम्पूर्ण जनसमुदायमा इच्छाकामना गाउँपालिका हार्दिक अनुरोध गर्दछ। आन्तरिक पर्यटनको प्रबर्द्धन गरौं ।



**दानबहादुर गुरुङ**

अध्यक्ष एवम्

**इच्छाकामना गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

इच्छाकामना, चितवन


# फिल्म/मनोरञ्जन



## “छतीसको आँकडा” बिहीबार रिलिज गरिँदै

काठमाडौं। विश्वभर फिल्म शुक्रबार रिलिज गर्ने अभ्यास छ। नेपालमा पनि चाडपर्व वा सार्वजनिक विदाबाहेक शुक्रबार नै फिल्म रिलिज हुन्छन्। चलचित्र विकास बोर्डदेखि निर्माता संघसम्मले यो विषयमा निर्णय समेत गरेका छन्। तर, फिल्म ‘छत्तीसको आँकडा’ले भने शुक्रबार रिलिजको परम्परा तोड्ने भएको छ। यो फिल्मलाई बिहीबारको दिन प्रदर्शन गरिने भएको छ।



सोमबार अभिनेत्री निरुता सिंहको जन्मदिनको अवसरमा मंसिर १७ गतेलाई फिल्मको प्रदर्शन मिति तय गरिएको हो। यो मिति बिहीबार पर्छ। त्यस दिन अन्तर्राष्ट्रिय अपाङ्गता दिवस परेको छ। सार्वजनिक विदा भने छैन। तर, उक्त मितिलाई विदासरह मानेर ‘छत्तीसको आँकडा’लाई बिहीबार नै प्रदर्शन गर्ने निर्णय गरिएको छ।

रेखा फिल्म्स र काइट्स इन्टरटेन्मेन्टको सहकार्यमा निर्माण भएको फिल्मको प्रदर्शन मिति तय भएसँगै अब प्रचार अभियान सुरु गर्ने तयारीमा निर्माण पक्ष छ। त्यसका लागि घटस्थापनाका दिन पहिलो गीत सार्वजनिक गरिँदैछ। फिल्मको फर्स्टलुक पोस्टर भने गत वर्ष नै सार्वजनिक भइसकेको छ, जसमा रेखा थापा र पूजा शर्माको टकराव देखाइएको थियो।

सवीर श्रेष्ठको निर्देशनमा बनेको फिल्ममा रेखा र पूजासहित निरुता सिंह, महेश त्रिपाठी, पुष्प खड्कालगायतको पनि अभिनय छ। यही फिल्मबाट रेखा र निरुताले दुई दशकपछि सहकार्य गरेका हुन्। पछिल्लो पटक ‘दुई पल’मा उनीहरू एकसाथ देखिएका थिए। रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्सले वितरण गर्ने फिल्ममा दुई महिला पात्रको द्वन्द्वलाई मुख्य विषय बनाइएको छ। - फिल्मीखबरबाट।

## या वर्षको तेस्रो धेरै कमाउने फिल्म “पेन्सन पट्टा”

काठमाडौं। तीजको छेको पारेर भदौ २६ गतेबाट प्रदर्शनमा आएको फिल्म ‘पेन्सन पट्टा’ यस वर्षको सर्वाधिक कमाउने तेस्रो फिल्म बनेको छ। सोमबार सार्वजनिक चलचित्र विकास बोर्डको सिनेपाः विवरणअनुसार आइतबार (हिजो)सम्म




फिल्मले सात करोडमाथिको व्यापार गरेको छ। फिल्मको पहिलो १० दिनको कमाइ नै झन्डै चार करोड हाराहारी थियो।

असोज ११ गतेसम्म फिल्मले ७ करोड १ लाख ४१ हजार ४०३ रुपैयाँ कमाइ गरेको छ भने सो अवधिसम्म २ लाख ४४ हजार ८४२ वटा टिकट बिक्री भएका छन्। यसअघि यस वर्ष ‘गौंथली’ र ‘लालीबजार’ले बक्स अफिसमा ७ करोड रुपैयाँभन्दा बढीको व्यापार गरेका थिए। ‘पेन्सन पट्टा’को व्यापारिक रफ्तार हेर्दा यसले ‘लालीबजार’को ९ करोडको आँकडा यसै साता पार गर्ने देखिन्छ।

‘पेन्सन पट्टा’सँगै प्रदर्शनमा आएको फिल्म ‘बेहुली’ले भने ११ असोजसम्म तीन करोडको आँकडा पनि पार गर्न सकेको छैन। जबकि, यो फिल्मले ओपनिङमा ‘पेन्सन पट्टा’लाई पनि उछिनेको थियो। फिल्मले आइतबारसम्म २ करोड ९६ लाख ३६ हजार ३९४ रुपैयाँ ग्रस कमाइ गरेको छ। सो अवधिसम्म फिल्मलाई १ लाख ५ हजार ३३८ जनाले हेरेका छन्।

त्यस्तै, भदौ १२ गते प्रदर्शन भएको फिल्म ‘पार्वती’ले २ करोड २८ लाख ५५ हजार ७३ रुपैयाँ ग्रस कमाएको बोर्डको विवरणमा उल्लेख छ। फिल्मका ८१ हजार ३९७ वटा टिकट बिक्री भएका छन्। यसको एक सातापछि प्रदर्शन भएको कान्स विजेता फिल्म ‘एलिफेन्ट्स इन द फग’ (तिनीहरू)ले ३५ हजार ३३७ वटा टिकट बिक्रीबापत १ करोड २५ लाख १३० रुपैयाँ ग्रस कमाएको छ।

बोर्डले असोज २ गते एकसाथ प्रदर्शन भएका तीन फिल्म ‘झिँगेदाउ २’, ‘कार्की साइँला’ र ‘माया बस्छ कि के हो’को पनि कमाइ विवरण सार्वजनिक गरेको छ। जसअनुसार ‘झिँगेदाउ २’ले १ करोड ३४ लाख ८३ हजार ९२१ रुपैयाँ, ‘कार्की साइँला’ले ५ लाख ७८ हजार ६६० रुपैयाँ र ‘माया बस्छ कि के हो’ले २३ हजार ६६० रुपैयाँ ग्रस कमाएका छन्।

गत साउन १ गते प्रदर्शन भएको फिल्म ‘गौंथली’ले भने ११ असोजसम्म २५ करोड ९५ लाख ८४ हजार ६४० रुपैयाँ ग्रस कमाइ गरेको बोर्डको विवरणमा उल्लेख छ। यो कमाइ ९ लाख ४१ हजार ३७२ वटा टिकट बिक्रीबापत भएको हो। ‘गौंथली’ नेपाली फिल्मको इतिहासमा सर्वाधिक कमाउने दोस्रो फिल्मको कीर्तिमानसहित यस वर्षको सर्वाधिक कमाउने फिल्म बनेको छ।

# शिक्षादेखि पुनर्स्थापनामा थ्री एन्जल नेपालको अभियान

राप्ती। मानव बेचबिखन, घरेलु हिंसा तथा विभिन्न कारणले जोखिममा परेका महिला तथा बालबालिकाको संरक्षण, उद्धार, पुनर्स्थापना र आत्मनिर्भरता निर्माणमा सक्रिय थ्री एन्जल नेपालले राप्ती नगरपालिका र मकवानपुरको मनहरी गाउँपालिकामा शिक्षा, आयआर्जन तथा कृषि क्षेत्रमा सहयोगका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

पूर्वी चितवनको लोथरमा लामो समयदेखि कार्यालय सञ्चालन गर्दै आएको संस्थाले एक दशकभन्दा लामो समयदेखि महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्दै आएको संस्थाकी पूर्वी चितवन प्रमुख सुनिता सिलवालले बताइन्। संस्थाले हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार तथा पुनर्स्थापना, मानव बेचबिखनमा परेकाको उद्धार, परिवारसँग पुनर्मिलन, सीप विकास तथा आत्मनिर्भर बनाउने कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको उनले बताइन्।

आर्थिक अभावका कारण विद्यालय जान तथा नियमित पठनपाठन गर्न कठिनाइ भइरहेका राप्ती नगरपालिका तथा मनहरी गाउँपालिकाका विभिन्न विद्यालयमा अध्ययनरत २५१ जना छात्रालाई तीन वर्षसम्म आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउने कार्यक्रम संस्थाले अघि बढाएको छ।

संस्थाका अनुसार छात्राहरुलाई पठनपाठनका लागि आवश्यक स्टेसनरी सामग्री, लत्ताकपडा तथा खाजा उपलब्ध गराउनुका साथै आवासको समस्या भएका विद्यार्थीका लागि आवास व्यवस्थापनमा समेत सहयोग गरिएको छ।

सिलवालका अनुसार तीन वर्षको अवधिमा अध्ययनमा राम्रो प्रगति गर्ने तथा संस्थाको उद्देश्यअनुसार अगाडि बढ्ने विद्यार्थीलाई आवश्यकता र प्रगतिका आधारमा सहयोगको अवधि थप गर्दै कक्षा १२ सम्मको शिक्षामा समेत सहयोग गर्ने योजना रहेको छ।

विद्यालयगत विवरणअनुसार




सिम्पानी मावि मनहरी-८ का ६४, सुनाचुरी मावि मनहरी-६ का ६०, हाङ्लाङ मावि मनहरी-६ का २०, काशीरूमा निमावि राप्ती-४ का ४९, आँपपानी मावि राप्ती-११ का ३८ र स्वामिटार मावि राप्ती-१० का ६० जना छात्रा गरी २५१ जना यस कार्यक्रमबाट लाभान्वित हुनेछन्।

यसका साथै राप्ती र मनहरीका क्याम्पसमा अध्ययनरत २५० जना छात्रालाई समेत सहयोग गरिएको संस्थाले जनाएको छ।

शिक्षासँगै आर्थिकरुपमा विपन्न परिवारलाई आत्मनिर्भर बनाउने उद्देश्यले थ्री एन्जल नेपालले राप्ती र मनहरीका ३०० घरपरिवारलाई आयआर्जनका लागि अत्यन्त न्यून व्याजदरमा बिनाधितो ऋण उपलब्ध गराएको सिलवालले बताइन्।

सानो व्यवसाय सञ्चालन, कृषि तथा अन्य आयआर्जनका काम गर्न चाहने तर लगानीको अभावमा रहेका परिवारलाई लक्षित गरी सहयोग गरिएको हो।

संस्थाको उद्देश्य तत्कालीन राहत उपलब्ध गराउने मात्र नभई परिवारलाई दीर्घकालीनरुपमा आफ्नै खुट्टामा उभिन सक्ने बनाउनु रहेको सिलवालको भनाइ छ।

यसैगरी, थ्री एन्जल नेपालले मनहरी गाउँपालिका-६, हाङ्लाङका ५० घरपरिवारलाई १० क्विन्टल अदुवाको बीउ वितरण गरेको छ। हाङ्लाङ क्षेत्र अदुवा उत्पादनका लागि उपयुक्त भएकाले स्थानीय किसानलाई उत्पादनसँग जोड्दै आयआर्जनको अवसर सिर्जना गर्ने उद्देश्यले अदुवाको बीउ वितरण गरिएको संस्थाले जनाएको छ।

स्थानीयस्तरमा उपलब्ध स्रोत, सीप र सम्भावनाको उपयोग गर्दै परिवारको आयस्तर वृद्धि गर्ने उद्देश्यले कृषि तथा अन्य आयमूलक कार्यक्रमलाई समेत संस्थाले प्राथमिकतामा राखेको जनाएको छ।

महिला तथा बालबालिकामाथि हुने हिंसा, मानव बेचबिखन तथा आर्थिक र सामाजिक जोखिम न्यूनीकरणका लागि उद्धार मात्र पर्याप्त नहुने भन्दै संस्थाले उद्धार, पुनर्स्थापना, शिक्षा, सीप विकास र आयआर्जनलाई एकीकृतरुपमा अघि बढाउँदै आएको जनाएको छ। थ्री एन्जल नेपाल मानव बेचबिखनविरूद्ध काम गर्ने गैरनाफामूलक सामाजिक संस्था हो। मुख्य कार्यालय पोखरामा रहेको सो संस्थाले चितवनसहित आसपासका क्षेत्रमा सामाजिक तथा उद्धारका गतिविधि सञ्चालन गर्दै आएको छ।

मानव बेचबिखनको जोखिममा परेका महिला तथा बालबालिकाको संरक्षण तथा उद्धारसँगै लामो समयदेखि बेपत्ता भएका वा बेचबिखनमा परेका किशोरीको उद्धार गरी परिवारसँग पुनर्मिलन गराउने कार्यसमेत संस्थाले गर्दै आएको जनाएको छ।

यस्तै, चितवनका ग्रामीण तथा पिछडिएका क्षेत्रमा विपन्न परिवार, चेपाङ समुदाय तथा विद्यालयका बालबालिकालाई खाद्यान्न र शैक्षिक सामग्रीलगायतका राहत तथा सामाजिक कार्यक्रम सञ्चालन गर्दै आएको संस्थाका पूर्वी चितवन प्रमुख सिलवालले जानकारी दिइन्।

## 'प्रभावकारी ...

सेवाको आवश्यकता अझै रहेको भन्दै प्रदेश सरकारले एक सयभन्दा बढी स्वास्थ्यकर्मी प्रभावित क्षेत्रमा परिचालन गरेको उनले जानकारी दिए।

मन्त्री तामाङले भने, 'स्वास्थ्य कर्मचारी एक सयभन्दा बढी पठाउँदा पनि त्यहाँ सेवा अझ बढी दिनुपर्ने अवस्था भएकाले विभिन्न संस्थासँग समन्वय गरेर उहाँहरूलाई स्वास्थ्य सेवामा जोडेर काम गरिरहेका छौँ।'

बाढीपछि प्रभावित क्षेत्रमा देखिएका मौसमी रोग नियन्त्रणका लागि स्वास्थ्यकर्मी परिचालन गरिएको उहाँले बताउनुभयो। पखालालगायतका समस्या देखिएपछि आवश्यक स्वास्थ्य उपचार तथा खोपलगायतका माध्यमबाट रोग नियन्त्रणमा ल्याइएको उनको भनाइ छ।

प्रदेश सरकारले प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा प्रभावकारी बनाउन आपत्कालीन आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरेको मन्त्री तामाङले बताए।

**पानी उमालेर मात्रै पिउने बानी बसालौं ।**

## सिद्धिविनायकको ...

सहकारीले स्थानीयस्तरमा पुर्‍याएको आर्थिक योगदानको प्रशंसा गर्दै आगामी दिनमा बचत तथा ऋणलाई अझ सुरक्षित र व्यवस्थित रूपमा परिचालन गर्नुपर्ने बताए।

सदस्यहरूको विश्वास, सहभागिता र सहकार्यका आधारमा सिद्धी विनायक सहकारीलाई थप सुदृढ बनाउँदै लैजानु पर्ने संस्थाका अध्यक्ष धितालको जोड थियो। उनले सहकारीको दिगो विकासका लागि सदस्यको आर्थिक हितसँगै संस्थागत सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रभावकारी बनाउनुपर्ने बताए।

सदस्यहरूको आवश्यकता र अपेक्षाअनुसार सेवा विस्तार गर्दै सहकारीलाई थप व्यवस्थित, सुरक्षित र सदस्यकेन्द्रित बनाउने प्रतिबद्धता पनि अध्यक्ष धितालले व्यक्त गरे।

साधारणसभामा संस्थाका सचिव जयराम पाण्डेले वार्षिक प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष रामप्रसाद घिमिरेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। उपाध्यक्ष मुकुन्दप्रसाद गौतमले स्वागत मन्तव्य दिएका थिए।

साधारणसभाका अवसरमा संस्थाले उत्कृष्ट बचतकर्ता, असल ऋणी, उत्कृष्ट महिला बचतकर्ता, असल बाल बचतकर्ता तथा कर्मचारीलाई सम्मान गरेको छ।

कार्यक्रममा सहकारीका संस्थापक अध्यक्ष तथा सल्लाहकार शालिकराम घिमिरे, कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता जगन्नाथ भण्डारी तथा सल्लाहकार भगवती पाण्डेलगायतको विशेष उपस्थिति रहेको थियो।

त्यसैगरी, साधारणसभामा लेखा तथा सुपरिवेक्षण समिति संयोजक बिनोद पौडेल, उपाध्यक्ष मुकुन्दप्रसाद गौतम, सचिव जयराम पाण्डे, कोषाध्यक्ष रामप्रसाद घिमिरे, सहसचिव संगिता गौतम तथा सञ्चालक समिति सदस्यहरू ईन्दिरा पन्त लामिछाने, शम्भु अधिकारी, कृष्णप्रसाद सिलवाल, सीता सापकोटा, नवराज अर्याल र हरिप्रसाद रिपाल, व्यवस्थापक विकास पौडेललगायत पदाधिकारी तथा शेयर सदस्यहरूको सहभागिता रहेको थियो।

२०६५ सालमा स्थापना भएको सिद्धी विनायक बचत तथा ऋण सहकारीमा हाल २ हजार १२१ सदस्य रहेका छन्।

## नदी ...

सहायताले उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरेको डिएसपी शैलेन्द्र थापाले जानकारी दिए।

गैँडाकोटको बोटे टोलमा करिब ११० घर डुबानमा परेका छन् भने झन्डै १०० परिवार विस्थापित हुने अवस्थामा पुगेका छन्।

भरतपुर-३ का वडाध्यक्ष विकास थापाका अनुसार तटबन्ध अधुरो भएकाले नदी बर्सेनि एउटै स्थानबाट बस्तीमा पस्ने गरेको छ। यसपटक पनि पुरानो वडा कार्यालयको भवन हुँदै नदी बस्तीमा प्रवेश गरेको उनले बताए।

हरियाली टोल, नारायणी दोभान टोल, संसारी माई टोललगायतका ३०० घरधुरीमा पानी पसेको छ, जसमा १५० घर पूरै डुबानमा परेका छन्। करिब तीन सय परिवारलाई सुरक्षित स्थानमा सारिएको छ। भरतपुर-१६ को झनझने र १७ को गोब्रेनीमा पनि बाढी पस्दा स्थानीयलाई विद्यालयमा स्थानान्तरण गरिएको छ। गोब्रेनीका २५ घरका परिवारलाई राप्रावि लगौँटामा सारिएको वडाध्यक्ष ललितमान तामाङले जानकारी दिए।

नारायणी नदीको बहाव बढ्दै जाँदा गैँडाकोट, कावासोती, मध्यविन्दु नगरपालिका र विनयी त्रिवेणी गाउँपालिकाका तटीय बस्तीहरूसमेत डुबानमा परेका छन्। देवघाटस्थित जलमापन केन्द्रका अनुसार आइतबार दिउँसो २:१० बजे मापन गरिएको ११.९४ मिटर हालसम्मकै उच्च जलसतह हो। ६ दशमलव ८७ मिटरमा झरेको छ। उच्च बिन्दुबाट नदीको जलसतह ५ दशमलव ७ मिटर घटेको छ।

नारायणी बेसिन फिल्ड कार्यालयका प्रमुख हाइड्रोलोजिस्ट इन्जिनियर सुमित अधिकारीका अनुसार पहाडी क्षेत्रमा वर्षा भइरहेमा नदीको सतहमा थप उतारचढाव आउन सक्ने सम्भावना रहन्छ।

## कारागारका ...

आर्थिक वर्ष २०८२/०८३ मा एक जना र आर्थिक वर्ष २०८१/०८२ मा एक जना बन्दीको क्यान्सरका कारण मृत्यु भएको थियो। सूचना अधिकारी ढुङ्गानाका अनुसार हाल कारागारमा क्यान्सरका तीन जना बिरामी छन्। तीमध्ये दुई कारागारभित्र र एक जना अस्पतालमा उपचाररत छन्।

कारागारमा रहेका दीर्घ तथा जटिल रोगीमध्ये उच्च रक्तचाप र मधुमेहका बिरामी सबैभन्दा बढी रहेका सूचना अधिकारी ढुङ्गानाले बताए।

तथ्याङ्कअनुसार ४२ जनामा उच्च रक्तचाप र २२ जना मधुमेहबाट पीडित छन्।

उनका अनुसार हाल क्यान्सरका एक र अन्य रोगका एक गरी दुई जना बन्दी अस्पतालमा भर्ना भएर उपचार गराइरहेका छन्। उनले कारागारभित्र रहेका बिरामी बन्दीको दैनिक स्वास्थ्य परीक्षण तथा आवश्यक औषधोपचार स्वास्थ्यकर्मीले गर्ने गरेको बताए।

एचआईभी सङ्क्रमित पाँच जना बन्दीले नियमितरूपमा एआरटी औषधि सेवन गरिरहेका छन्। हाल जिल्ला कारागार कार्यालय चितवनमा ७१७ पुरुष, ४२ महिला र दुई जना आश्रित नाबालक गरी ७६१ बन्दी रहेका छन्।

Babilal Tamang
: 9845067414
newsprabah.com
न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly
B. & B. MEDIA NETWORK Pvt. Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714
Services :
♦ Advertisement ♦ Bill / Rasid print ♦ Visiting card
♦ Color Print ♦ Wedding Card ♦ Magzine Design
♦ Computer Type ♦ Pri-ink Nylon Stamp ♦ Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| **आकस्मिक एम्बुलेन्स सेवा** | |
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैँडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैँडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |
| **अस्पताल काठमाडौं** | |
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |
| **अस्पताल चितवन** | |
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |
| **प्रहरी प्रशासन** | |
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैँडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |
| **पत्रपत्रिका/सञ्चार** | |
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

## साप्ताहिक राशीफल

न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** – यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ । टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ । नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ ।

**वृष** – यो साता प्यारो साथी सँग भेट हुनेछ । रमाइलो यात्राको योग रहेको छ । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ । विपरीत वर्ग प्रति आकर्षण बढनेछ ।

**मिथुन** – यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ । इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ । सामाजिक कार्यमा रुचि बढनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला ।

**कर्कट** – यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ । आज धार्मिक कार्यमा रुचि बढनेछ । शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोग पाइनेछ । जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ ।

**सिंह** – रोकिएका काम पुनः सुरु हुन सक्छन । कार्य सम्पादनमा सहजता मिल्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ । साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ ।

**कन्या** – यो साता रमणीय र सुखद यात्राको योग छ । कहीँकतैबाट कुनै उपहार प्राप्त होला । नजिकको मित्रसँग भेटघाट हुनेछ । नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ ।

**तुला** – यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ । यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहैँलो वा सेतो हो ।

**वृश्चिक** – आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**धनु** – यो साता नयाँ कार्यको थालनी हुनेछ । अधुरा र रोकिएको काम दोहोर्‍याएर गर्दा फाइदा हुन सक्नेछ । रोकिएको काम दोहोर्‍याएर गर्दा फाइदा हुनेछ । अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ । सहयोगीहरूले काममा साथ दिनेछन ।

**मकर** – शुभ समाचार सुन्न पाइएला । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ । मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ ।

**कुम्भ** – यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन । पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ ।

**मिन** – यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । निर्णायक क्षमतामा कमी आउनेछ । भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला । मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

# 'नि:शुल्क शिक्षा कार्यान्वयनका लागि साझा प्रयास अपरिहार्य'

**- कमल के.सी.**

चितवन। सरकारले घोषणा गरेको नि:शुल्क शिक्षा अभियान सरकारी प्रयासले मात्र सम्भव नहुने तथ्यमाथि जोड दिइएको छ। मंगलबार अङ्कुरम् एकेडेमीमा शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाको प्रमुखआतिथ्यतामा आयोजित 'शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको अन्तर्क्रिया तथा छलफल कार्यक्रम'मा सो तथ्यमाथि जोड दिइएको हो।

शिक्षा विकास तथा समन्वय इकाइ चितवको आयोजना तथा अङ्कुरम् एकेडेमीको सहकार्यमा आयोजित कार्यक्रममा कार्यालयका शाखा अधिकृत दीपेन्द्रकुमार श्रेष्ठले विासं २०८२ देखि २०८२ सम्मको कक्षा ८ र एसइई तथा कक्षा १२ को नतिजाको विश्लेषणात्मक प्रस्तुती पेस गरेका थिए।

उनले जिल्लामा संघ सरकार र प्रदेश सरकारद्वारा विशेष सहयोग प्राप्त आठवटा सामुदायिक विद्यालय नमुना विद्यालयमा सञ्चालनमा रहेको जानकारी दिँदै जिल्लाका सबै विद्यालय नमुना विद्यालय हुनुपर्ने बताए।

सामुदायिक विद्यालयको तर्फबाट विद्यालयको त्रिवर्षीय प्रगति प्रतिवेदन पेस गर्दै कठार मावि खैरहनीका प्रधानाध्यापक अर्जुनप्रसाद सिलवालले २०८० देखि २०८२ सम्म विद्यालयले गरेको शैक्षणिक प्रगति पेस गरेका थिए। 'विद्यालय रुपान्तरण र शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रभावकारी व्यवस्थापन योजनाबद्ध शिक्षण र नतिजामुखी सिकाइ अभ्यास'सम्बन्धी प्रस्तुतीकरण गर्दै उनले शैक्षिक सुधारका चार आधार 'समय व्यवस्थापन, योजनाबद्ध शिक्षण, नतिजा विश्लेषण र अभिभावकसँगको सहकार्य' पेस गरेका थिए।

त्यस्तै, संस्थागत विद्यालयका तर्फबाट अङ्कुरम् एकेडेमीका प्रधानाध्यापक सुमन पौडेलले 'भविष्यको शिक्षा'बारे




प्रस्तुतीकरणको प्रदर्शन गरेका थिए। प्रस्तुतिका क्रममा उनले भने, 'यी तस्बिरहरू हाम्रा उपलब्धि प्रदर्शन गर्ने माध्यम मात्र होइनन् बरु हाम्रा बालबालिकालाई भविष्यका लागि आवश्यक ज्ञान, सीप र अनुभव प्रदान गर्ने हाम्रो निरन्तर प्रयासका प्रतिबिम्ब हुन्।'

उनले आफूहरूले 'फ्युचर रेडी' र वर्ल्डवाइड कम्पिटेटिभ' जनशक्ति तयार गर्न 'एआई एण्ड टेक्नोलोजी', अनिश्चितता, विश्वव्यापीकरण र जलवायु तथा समाजलाई केन्द्रित गरी बालबालिकालाई सिकाइ प्रक्रियामा सहभागी गराइरहेको बताए। उनले अहिलेसम्म 'आइक्यू' ९बुद्धि लब्धि०लाई शिक्षण संस्थाले प्रमुखता दिने गरेको भएता पनि आफूहरूले 'आइक्यू' र 'इक्यू' ९भावनात्मक बुद्धिमत्ता०लाई समेत प्रमुखता दिएर विद्यार्थीहरूलाई सिकाइ प्रक्रियामा सहभागी गराइरहेको बताए।

उनले सन् २०३५ का लागि आवश्यक जनशक्तिलाई लक्षित गरी विद्यालयमा विभिन्न प्रख्यात संस्थाहरूसँग सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गरेको बताए। उनले सामाजिक उत्तरदायित्वअन्तर्गत स्थानीय विद्यालयहरूलाई समेत सहभागी बनाई विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको जानकारी दिए।

कार्यक्रमका प्रमुखअतिथि शिक्षा मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले सरकारको एकल प्रयासले मात्र नि:शुल्क शिक्षा कार्यान्वयन सम्भव नहुने बताए। उनले सामुदायिक विद्यालयलाई जवाफदेही बनाउन मन्त्रालय क्रियाशील रहेको र त्यसका लागि शिक्षा ऐन निर्माण गर्न मन्त्रालय लागिरहेको बताए। 'शिक्षा ऐनभित्र कतिपय बुँदा सच्याउनुपर्ने बताउँदै उनले भने- 'हेड सर र सञ्चालन समिति अध्यक्षलाई अधिकार दियो भने बेचेर खाइदिन्छन् भन्ने अविश्वास कानुनमै छ, त्यसलाई हटाउनु पर्छ।' 'धेरै सामुदायिक विद्यालयहरूसँग जग्गाजमिन र मासिक भाडा आउने सटरहरू छन्,' उनले भने, 'देशैभर त्यसको लगत सङ्कलन गरेर सरकारको तर्फबाट कति लगानी बढाउनुपर्छ त्यसको तथ्याङ्क निकाल्नुपर्छ, त्यसपछि नि:शुल्क शिक्षाको कार्यान्वयनमा अघि बढ्नुपर्छ।' नि:शुल्क शिक्षा कार्यान्वयनका लागि सरकारको अनुदानमा मात्रै भर नपरी वैकल्पिक स्रोतहरूको खोजी गरिनुपर्ने उनको भनाइ थियो।

उनले अहिलेका बच्चाहरूको चेतनास्तर निकै उच्च रहेको बताउँदै आफू शिक्षामन्त्रीसँग सँगै हिँडेको कार्यक्रममा सामुदायिक विद्यालयका विद्यार्थीले 'विद्यालयले अभिभावकसँग पैसा उठाउने, विद्यालयमा खर्च हुने र रकम बचत हुने तर बचत रकमको हिसाबकिताब विद्यालयमा नहुने' बताएको प्रसङ्ग सुनाए।

उनले आगामी दिनमा शिक्षक नियुक्ति गर्दा बहुविषय विशेषज्ञ शिक्षक नियुक्ति गर्नुपर्ने बताए। दूरगामी रूपमा काम लाग्नेगरी शिक्षा ऐन बनाउन मन्त्रालय लागिपरेको उनको भनाइ थियो।

उनले देवस्थल र विकासको केन्द्र चितवनमा अङ्कुरम् एकेडेमीजस्तो विद्यालयलाई यो मोडलमा चलाइँदा यहाँका प्रिन्सिपल पौडेल 'सही ठाउँमा सही व्यक्ति' भएको टिप्पणी गर्दै सामुदायिक विद्यालयहरूले पनि यसको सिको गर्नुपर्ने बताए।

जिल्लाका कक्षा १० सम्म सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरू जिल्लाका स्थानीय तहका शिक्षा शाखा प्रमुखहरू सहभागी कार्यक्रम इकाइ प्रमुख कृष्णचन्द्र पोखेलको अध्यक्षता, शाखा अधिकृत मेनका अर्यालको स्वागत तथा शाखा अधिकृत कृष्णप्रसाद पौडेलले सञ्चालन गरेको कार्यक्रममा शिक्षाविद् महेन्द्र पौड्यालसमेत मन्तव्य राखेका थिए।

# पाँच वर्षका बालबालिकामा शीघ्र श्वासप्रश्वास सङ्क्रमण बढ्दो

भरतपुर। चितवनमा पाँच वर्षमुनिका बालबालिकाहरुमा शीघ्र श्वासप्रश्वास सङ्क्रमणको दर बढेको पाइएको छ। गत आर्थिक वर्षदेखि यो सङ्क्रमण बढेको पाइएको हो।

गत आर्थिक वर्षमा प्रतिहजार बालबालिकामा ४३१ जनामा यो समस्या देखिएको जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक




चन्द्रबहादुर हमालले बताए। उनका अनुसार आर्थिक वर्ष २०८१-०८२ मा यो संख्या ३९६ रहेको थियो। हरेकवर्ष यस्तो रोगका बालबालिका बढ्दै गएको भन्दै उनले बालबालिकाको स्वास्थ्यमा ख्याल गर्न अनुरोध गरे।

विशेषगरी आर्थिक अपस्था कमजोर भएको र ग्रामीण क्षेत्रका बालबालिकामा यो रोगको समस्या देखिएको हमालले बताए। इच्छाकामना गाउँपालिका, कालिका नगरपालिका, माडी नगरपालिकाका बालबालिकामा यो रोगको सङ्क्रमणदर बढ्दो रहेको छ। अहिले जिल्लामा पाँच वर्षमुनिका बालबालिका ४५ हजार ६०८ जना छन्।

यो सङ्क्रमणमा एक वर्षदेखि पाँच वर्ष उमेर समूहका बालबालिकाको श्वासप्रश्वास प्रतिनिमनेट ४० पटकभन्दा बढी हुन नहुने, दुई महिनादेखि एक वर्षसम्मको ५० पटक र दुई महिनामुनिका बालबालिकाको ६० पटक हुनुपर्ने हुन्छ।

श्वासप्रश्वासमा समस्या देखिँदा रुघा, खोकी लाग्ने, निमोनिया हुने र बच्चाको कोखा हानेकोजस्तो हुने, खान मन नगर्नेलगायतका लक्षण देखिए जटिल समस्या भएको मान्ने गरिन्छ। यस्तो समस्या देखिएका बालबालिकालाई तत्काल नजिकको स्वास्थ्य संस्थामा लगेर स्वास्थ्य परीक्षण गर्नुपर्ने उनको भनाइ छ।

भरतपुर अस्पतालका बालरोग विशेषज्ञ डा. किरण देवकोटा छिटो श्वासप्रश्वास हुनु रोग नभए पनि रोगको लक्षण भएको बताउँछन्। यस्ता बालबालिकामा निमोनिया, स्वासनलीमा समस्यालगायतका कारण हुने गर्दछ। मौसमी फ्लुका कारण बालबालिकामा यो समस्या हुने उनले जानकारी दिए। यो सङ्क्रमणबाट बच्नका लागि चिसो, धुवाँ, धुलोबाट बच्नुपर्ने डा. देवकोटाको भनाइ छ।

# क्षेत्र नं २ को सभापतिमा मनोज निर्वाचित

भरतपुर । नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत चितवनमा सम्पन्न क्षेत्र नं २ को अधिवेशनबाट सभापतिमा युवा नेता मनोज रानाभाट निर्वाचित भएका छन्।



सोमबार सम्पन्न महाधिवेशनबाट रानाभाट ३४४ मतका साथ सभापतिमा निर्वाचित भएका हुन्। उनका प्रतिद्वन्द्वी केशव महर्जनले २३३ मत प्राप्त गरे। यस्तै विकास पौडेलले २१८, प्रल्हाद उप्रेतीले ९६ र चित्रबहादुर भण्डारीले ५६ मत प्राप्त गरे।

यस्तै, क्षेत्रीय सचिवमा प्रदीप लामिछाने निर्वाचित भएका छन्। लामिछानेले ४६८ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी कृष्ण बगालेले २७० मत प्राप्त गरे। दीपक शाही ठकुरीले १२६ मत प्राप्त गर्दा लुव र ाजन श्रेष्ठले ६० मत मात्रै प्राप्त गरे।

यस्तै चितवन प्रदेश क्षेत्र नं २ (क) को सभापतिमा दुर्गा गुरूङ निर्वाचित भए भने क्षेत्र नं २ (ख) को सभापतिमा परमेश्वर खनाल निर्वाचित भए।

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
### भरतपुर, चितवन

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो । महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ । यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ । अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**




